उत्तरविधायिकी परीक्षणको माग

विराटनगर समाचारदाता
विराटनगर, जेठ २८ गते

प्रदेश कानुन र कार्यान्वयनको अवस्था विषयक गोष्ठी ।

कोशी प्रदेशमा हालसम्म ९२ वटा कानुन निर्माण भए पनि तिनको कार्यान्वयन पक्ष फितलो देखिएको भन्दै सरोकारवालाले चिन्ता व्यक्त गरेका छन्। संसदीय पत्रकार मञ्च कोशी प्रदेशद्वारा विराटनगरमा आयोजित 'प्रदेश कानुन र कार्यान्वयनको अवस्था' विषयक बहुसरोकार अन्तर्क्रियामा वक्तालेे कानुन निर्माण सङ्ख्यात्मक रूपमा उत्साहजनक भए पनि जनताले त्यसको यथोचित लाभ पाउन नसकेको औँल्याएका हुन्।

कार्यक्रममा कोशी प्रदेशका सभामुख अम्बरबहादुर विष्टले प्रदेशले बनाएका कानुनको प्रभावकारिता मापन गर्न अब 'उत्तरविधायिकी परीक्षण' गर्नुपर्ने बताउनुभयो। सभामुख विष्टले भन्नुभयो, "विधेयक बनाउँदा मन्त्रालयले र संसद्मा पुगेपछि संसदीय समितिले सरोकारवालासँग व्यापक छलफल गर्नुपर्ने आवश्यकता महसुस भएको छ। बनेका कानुन कार्यान्वयन भए नभएको परीक्षण गर्दै जनताको पहुँचसम्म पुऱ्याउन स्रोतसाधनले भ्याएसम्म प्रतिबद्ध छौं।" कोशी प्रदेश सभाका उपसभामुख सिर्जना दनुवारले प्रदेश स्थापनाको सुरुवाती चरणमा धेरै कानुन बनेको बताउनुभयो तर पनि कतिपय कानुनको प्रभावकारी कार्यान्वयन र जनताले पाउने सेवाको सवालमा सरोकारवालाको प्रश्न रहेको उहाँको भनाइ छ। उहाँले पनि ती कानुनको वस्तुनिष्ठ समीक्षा गर्ने बेला आएको बताउनुभयो। उपसभामुख दनुवार सरोकारवालासँग छलफल बढाउनुपर्नेमा सहमत देखिनुभयो। उहाँले भन्नुभयो, "जसका लागि कानुन बनाइएको हो, उनीहरूसँगै पर्याप्त परामर्श गर्नु पर्छ भन्ने महसुस हामीले पनि गरेका छौं।" जनताको स्वास्थ्य अधिकारमाथि प्रदेशले आवश्यक जिम्मेवारी पूरा गर्न नसकिरहेको भन्दै जिम्मेवारी पूरा गर्न नसक्ने भए हात उठाउनुपर्ने उहाँको भनाइ थियो।

आन्तरिक मामिला तथा कानुनमन्त्री इन्द्रमणि पराजुलीले सङ्घीय सरकारले समयमा कानुन नबनाइदिँदा कतिपय समस्या देखिएको टिप्पणी गर्नुभयो। उहाँले प्रदेश प्रहरी ऐन जस्ता महत्त्वपूर्ण कानुन कार्यान्वयन गर्न नसक्नुमा सङ्घीय सरकारको इच्छाशक्ति पनि कारक रहेको टिप्पणी गर्नुभयो। कार्यपत्र प्रस्तुत गर्दै प्रदेश सभा सचिवालयकी कानुन उपसचिव मञ्जु खड्काले खानी, जलस्रोत, भूमि र गुठी व्यवस्थापन जस्ता साझा अधिकारका क्षेत्रमा अझै काम सुरु हुन नसकेको जानकारी दिनुभयो। उहाँका अनुसार साझा अधिकार सूचीमा रहेका घरेलु हिंसा र प्रदेश प्रहरी ऐन बने पनि कार्यान्वयनमा आउन सकेका छैनन्। सबै विषयमा नयाँ ऐन बनाउनुको साटो प्रत्यायोजित अधिकार प्रयोग गरेर कार्यविधिमार्फत अघि बढ्न सकिने उहाँको सुझाव थियो।

पूर्वमुख्य न्यायाधिवक्ता चुडामणि आचार्यले संविधानमा साझा अधिकारका विषय स्पष्ट नहुँदा कार्यान्वयनमा बाधा पुगेको बताउनुभयो। उहाँले प्रदेश कानुनमा दण्डको व्यवस्था कमजोर हुनु र सङ्घीय सरकारको विभागीय परिपत्रले प्रदेश ऐनलाई अवरोध गर्नु सङ्घीयताको मर्मविपरीत भएको टिप्पणी गर्नुभयो। आचार्यले 'प्रदेश कानुन आयोग' र 'प्रादेशिक बेञ्च' स्थापनाको प्रस्ताव गर्दै अधिकारका लागि सङ्घसँग सकारात्मक सङ्घर्ष आवश्यक रहेको बताउनुभयो। अन्तर्क्रियामा उद्योग वाणिज्य महासङ्घ कोशीका अध्यक्ष राजेन्द्र राउतले दोहोरो कर, वातावरणीय मूल्याङ्कनको झन्झट आदि विषयमा कानुन सहज बनाउनुपर्ने बताउनुभयो। मोरङ उद्योग व्यापार सङ्घका वरिष्ठ उपाध्यक्ष अनिल साहले कृषि व्यापारमा क्रस बोर्डर ऐनको अभावले लगानीकर्ता निरुत्साहित भएको उल्लेख गर्नुभयो।

'सुरक्षित चालक अभियान' सुरु

सुनसरी समाचारदाता
इटहरी, जेठ २८ गते

पूर्वी नेपालका प्रमुख सहरमा इरिक्सा (सिटी सफारी) प्रभावकारी सञ्चालन र व्यवस्थित बनाउने उद्देश्यले सुनसरीमा 'सुरक्षित चालक अभियान' सुरु गरिएको छ। इरिक्सा सञ्चालनसम्बन्धी स्पष्ट कानुनी तथा नीतिगत व्यवस्था नहुँदै सङ्ख्या बढिरहेकाले चालकको पहिचान र उत्तरदायित्व सुनिश्चित गर्न सुनसरीबाट अभियान थालिएको हो।

यस क्रममा नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय, इटहरीले क्युआर कोडयुक्त 'सुरक्षित चालक पोसाक' वितरण गर्दै अभियानको औपचारिक शुभारम्भ गरेको छ। अभियान अन्तर्गत पहिलो चरणमा तीन सय जना इरिक्सा चालकलाई पोसाक प्रदान गरिएको छ।

अभियानको प्रारम्भ गर्दै कोशी प्रदेश प्रहरी कार्यालयका प्रहरी नायब महानिरीक्षक विनोद घिमिरेले सुरक्षित र अनुशासित सवारी सञ्चालनले मात्र सडक सुरक्षालाई मजबुत बनाउन सकिने बताउनुभयो। उहाँले चालकलाई ट्राफिक नियमको पूर्ण पालना गर्दै जिम्मेवार ढङ्गले सवारी सञ्चालन गर्न आग्रह गर्नुभयो। पछिल्ला वर्षमा इटहरी, धरान, विराटनगरलगायत पूर्वका सहरी क्षेत्रमा इरिक्साको प्रयोग उल्लेख्य रूपमा बढेको छ तर दर्ता, रुट निर्धारण तथा नियमनको अधिकार र जिम्मेवारीबारे सङ्घीय, प्रदेश तथा स्थानीय तहबिच स्पष्ट समन्वय नहुँदा यसको व्यवस्थापन चुनौतीपूर्ण बन्दै गएको अवस्थामा ट्राफिक प्रहरीले त्यसको प्रभावकारी व्यवस्थापनका लागि अभियान सुरु गरेको नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय, इटहरीका प्रमुख प्रहरी उपरीक्षक दीपक गिरीले जानकारी दिनुभयो।

प्रहरी उपरीक्षक गिरीका अनुसार अभियानले चालकको पहिचान स्पष्ट बनाउनुका साथै यात्रुको विश्वास अभिवृद्धि गर्न, दुर्घटना न्यूनीकरण गर्न तथा आपराधिक गतिविधिको जोखिम कम गर्न सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ। यो अभियानलाई क्रमशः कोशी प्रदेशका अन्य जिल्लामा समेत विस्तार गरिने बताइएको छ। प्रहरी वरिष्ठ उपरीक्षक ज्ञानेन्द्र फुयाँलले क्युआर कोडसहितको पोसाकले चालकको पहिचान सहज बनाउने र सुरक्षित सार्वजनिक यातायात सेवाको वातावरण निर्माणमा योगदान पुग्ने विश्वास व्यक्त गर्नुभयो। इरिक्साको सङ्ख्या तीव्र गतिमा बढिरहे पनि यसको सञ्चालन र व्यवस्थापनसम्बन्धी कानुनी तथा नीतिगत स्पष्टता अझै कायम हुन नसकेको अवस्थामा ट्राफिक प्रहरीले सुरु गरेको अभियानलाई तत्कालीन व्यवस्थापनको महत्त्वपूर्ण प्रयासका रूपमा हेरिएको छ।

साङ्केतिक सिकाइ

सिपले बन्दै आत्मनिर्भर

बाबुराम कार्की
वराहक्षेत्र (सुनसरी), जेठ २८ गते

भुइँमा ओछ्याइएको कार्पेटमाथि बसेका विद्यार्थी शिक्षकको इसारालाई ध्यानपूर्वक नियालिरहेका छन्। कोही कापीमा लेख्दै छन् भने कोही साङ्केतिक भाषामार्फत आफ्ना जिज्ञासा राखिरहेका छन्। कक्षाकोठाभित्र शब्द सुनिँदैनन्, इसारा बोलिरहन्छन्। सबै विद्यार्थीमा सिकाइको उत्साह भने स्पष्ट देख्न सकिन्छ। यो दृश्य सुनसरीको वराहक्षेत्र नगरपालिका–८ स्थित श्री जनक माध्यमिक विद्यालयमा सञ्चालित सुस्तश्रवण (बहिरा) स्रोत कक्षाको हो।

२०५१ सालदेखि सञ्चालनमा रहेको यस स्रोत कक्षाले श्रवण तथा बोलीसम्बन्धी समस्या भएका बालबालिकालाई शिक्षाको अवसर प्रदान गर्दै आएको छ। विद्यालयका प्रधानाध्यापक मुकेश झाका अनुसार सुनसरी, ओखलढुङ्गा र सप्तरीलगायतका जिल्लाबाट विद्यार्थी अध्ययनका लागि आउने गरेका छन्।

हाल कक्षा १ देखि ६ सम्म पढाइ भइरहेको स्रोत कक्षामा सात छात्रा र चार छात्र गरी ११ जना विद्यार्थी अध्ययनरत छन्। श्रवण तथा बोलीसम्बन्धी समस्या भएका विद्यार्थीलाई विद्यालयमै आवासीय रूपमा बस्ने व्यवस्था मिलाइएको छ। विद्यार्थीको बसोबास, खानपान तथा आधारभूत आवश्यकताका सामग्री सरकारले उपलब्ध गराउने बजेटबाट व्यवस्थापन गरिँदै आएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष चित्र राईले बताउनुभयो। राईका अनुसार सरकारले प्रतिविद्यार्थी मासिक पाँच हजार रुपियाँ उपलब्ध गराउँदै आएको छ। सोही रकमबाट विद्यार्थीको खाना, पोसाक, सरसफाइ, इन्टरनेट, बिजुली र खानेपानीको व्यवस्था गरिएको छ। साथै प्रत्येक विद्यार्थीका नाममा मासिक पाँच सय रुपियाँ बचतसमेत जम्मा गरिने व्यवस्था गरिएको छ।

त्रि.वि., चि.शा.अ.सं.
बी.पी.कोइराला लायन्स नेत्र अध्ययन केन्द्र
विभिन्न प्रकारका चश्माको Different Glass Material with Power खरिद सम्बन्धी आशयपत्रको सूचना

प्रकाशित मिति : २०८३।०२।२९

यस केन्द्रलाई तपसिल बमोजिमका विभिन्न प्रकारका चश्माको Different Glass Material with Power खरिद गर्नको लागि मिति २०८२।१२।०३ गतेको गोरखापत्र दैनिकमा शिलबन्दी बोलपत्र आह्वानको सूचना प्रकाशित गरिएकोमा तल उल्लेखित बोलपत्रदाताहरूले पेश गरेको बोलपत्रहरू सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनोट भएको हुँदा त्रि.वि. आर्थिक व्यवस्थापन तथा खरिद सम्बन्धी नियम २०५० को नियम ५२ ञ को उपनियम (२) बमोजिम सम्बन्धित सबैको जानकारीका लागि ७ (सात) दिने आशयपत्रको सूचना प्रकाशित गरिएको छ।

तपसिल

Jagdamba Optical - Selected Item 2082-083

S.N.	Particular	QTY	Amount
1	Single Vision Lenses	35 Items	547,274.34
2	Bifocal Lenses	21 Items	255504.4248
3	Progressive Addition Lenses	5 Items	105752.2124
4	Near Reading Glass -Hard Coat Single Vision Without case	9 Items	76500
5	Near Reading Glass - Hard Coat Bifocal With Case	9 Items	22500
	Total		**1,007,530.97**

Samadhan Suppliers - Selected Item 2082-083

S.N.	Particular	QTY	Amount
1	Single Vision Lenses	22 Items	786,590.00
2	Bifocal Lenses	12 Items	227,690.00
3	Progressive Addition Lenses	8 Items	150,500.00
4	Near Reading Glass -Blue cut Single Vision With Case	9 Items	59,400.00
5	Near Reading Glass - Blue cut Bifocal With Case	9 Items	134,325.00
	Total		**1,358,505.00**

MANABIYA SEWA TATHA ANTARSANSKRITIK ADAN PRADAN KENDRA NEPAL
Request for Proposal (RFP)

Sealed Bidding for **Supply & Installation of X-ray Machine, DR System & Printer** along with relevant Training & Service

RFP Number : MSKN/MED-EQ-503

First Date of Publishing : 2083/02/29

The organization is requesting for Expression of Interest (EOI) from all the eligible vendors to supply & install **X-ray Machine, DR System & Printer and provide user training to hospitals/health** posts in various provinces of Nepal.

Firms, companies, and suppliers wishing to submit a tender must deposit NRs. 5,000 into the organization's designated bank account and attach the bank voucher within the date and time mentioned in the notice and request the bid documents via the following email:

Email ID: nepal@choicehumanitarian.org

The email should clearly mention the **Bid Title** and **RPF Number**

The details of the bidding process are included in the bid documents.

Bank Details:

Bank Name: NIC Asia Bank Ltd.

A/C Name: Manabiya Sewa Tatha Antarsanskritik Adan Pradan Kendra Nepal

A/C No.: 3044150083931002

Last Date for Tender Submission: Tender proposals must be submitted by 12:00 Noon on the 15th day from the first publication date of this notice. If that day falls on a public holiday, the deadline shall be the same time on the next working day after the organization opens. Sunday is workday for the organization.

The organization reserves the right to approve or reject any Proposal/EOI partially or cancel the entire RFP process. If any document, detail or work procedure is found to be faulty, the Proposal/EOI will be made invalid with or without notice.

बर्दिबास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दिबास, महोत्तरी, मधेश प्रदेश, नेपाल

बोलपत्र स्वीकृतिको आशयको सूचना ।

प्रथम पटक प्रकाशित मिति :- २०८३।०२।२९

यस कार्यालयबाट मिति २०८३/०१/१४ गते नेपाली राष्ट्रिय दैनिक गोरखापत्रमा प्रकाशित तपसिलको खरिद ठेक्का सम्बन्धी सूचना अनुसार दर्ता हुनआएका बोलपत्रहरूमध्ये देहाय बमोजिमको बोलपत्र सारभूत रूपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनोट भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) र दफा ४७ को प्रयोजनार्थका लागि यो सूचना प्रकाशित गरिएको छ।

सि. नं.	बोलपत्र नं.	छनोट भएको बोलपत्र दाताको नाम र ठेगाना	कबोल अङ्क (मू.अ.क. र PS बाहेक)
१.	BM/NCB/Works/ 2082/083-08	Remarkable Builders	रु. १८,१५,०००।००

प्रमुख प्रशासकीय अधिकृत

नेपाल इन्स्टिच्यूट अफ मेडिकल साईन्स एण्ड टेक्नोलोजी
ग्वार्को, ललितपुर फोन : ०१-५२०४२७७/ Email : nimstcollege@gmail.com

प्रमाणपत्र तह नर्सिङ कार्यक्रमको पूर्ण शुल्कीयतर्फ रिक्त सिटहरूमा भर्ना छनोटका लागि निवेदन दिने सम्बन्धी

अत्यन्त जरुरी सूचना !

(सूचना प्रकाशित मिति : २०८३।०२।२९)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरको मिति २०८३/०१/२८ गते प्रकाशित सूचना अनुसार यस शिक्षालयले मिति २०८३/०२/१८ गते प्रकाशन गरेको नतिजामा मिति २०८३/०२/२८ सम्म यस शिक्षालयमा पूर्ण शुल्कीयतर्फ प्रमाणपत्र तह नर्सिङ कार्यक्रममा मुख्य सूचीमा रहेका उम्मेदवारहरू भर्ना हुन नआई सिट रिक्त रहेको हुँदा वैकल्पिक योग्यता क्रम सूचीमा रहेका उम्मेदवारहरूले पहिलो प्राथमिकता पाउने भएकाले योग्यता क्रम सूचीमा रहेका उम्मेदवारहरूबाट यो सूचना प्रकाशन भएको मितिले ५ दिन भित्रमा यस शिक्षालयमा रीतपूर्वक निवेदन दिनुहुन अनुरोध छ। साथै योग्यता क्रम सूचीमा रहेका उम्मेदवारहरूबाट **"शैक्षिक सत्र २०८३/०८४ का लागि प्रवेश प्रक्रिया, भर्ना र रजिस्ट्रेसन सम्बन्धी कार्य सञ्चालन मार्गदर्शन २०८३ को विनियम (४) को उप विनियम (३) को (झ)"** बमोजिम छनोट गरी भर्ना गरिने व्यहोरा समेत जानकारी गराइन्छ।

तपसिल :

क्र.सं.	कार्यक्रम	रिक्त वर्ग कोटा	रिक्त सिट सङ्ख्या
१	प्रमाणपत्र तह नर्सिङ	पूर्ण शुल्कीय खुला कोटा	५
२		पूर्ण शुल्कीय पुरुष कोटा	२

शिक्षालय प्रमुख

रिक्तकोटामा भर्ना सम्बन्धी सूचना!

CTEVT बाट सम्बन्धन प्राप्त यस राप्ती लाईफ केयर हस्पिटल प्रा.लि. तुलसीपुरमा शैक्षिक सत्र २०८३/०८४ मा भर्ना सिफारिस भएका विद्यार्थीहरु भर्ना नभई तपशिल अनुसार कोटा रिक्त भएकाले **CTEVT** को प्रवेश परीक्षाका लागि आवेदन दिई भर्ना सिफारिसमा परेका विद्यार्थीहरुले मिति २०८३/०३/०३ गते भित्र कलेज प्रशासनमा भर्नाका लागि आवेदन दिनुहुन यसै सूचना मार्फत जानकारी गराउँदछौं ।

प्रमाणपत्र तह सामान्य चिकित्सा: ३० जना
प्रमाणपत्र तह नर्सिङः खुला ६ जना र पुरुष कोटा २ जना

सम्पर्क:
राप्ती लाईफ केयर हस्पिटल प्रा.लि.
तुलसीपुर-७, दाङ, फोन न ०८२-५२३०६६

Invitation for Bids
Tribhuvan University
Institute of Medicine
Maharajgunj Medical Campus
Invitation for Bids
Date of publication: 2026/06/12

1. ***Tribhuvan University, Maharajgunj Medical Campus*** invites following Invitation of electronic bids from Nepalese eligible bidders under sealed quotation procedures.

SN	IFB No.	Description	Submission Date (12:00 PM)	Document Fee	Bid Security Amount
1	MMC/NCB/ WORKS/ 2082-83/07	Mortuary Renovation work	2026-07-02	3,000	80,000
2	MMC/NCB/ SUPPLY/ 2082-83/02	Supply of Electrical machinery, apparatus, equipment, and consumables	2026-07-02	3,000	75,000
3	MMC/NCB/ SUPPLY/ 2082-83/03	Supply of Plumbing Machinery apparatus, equipment and consumables	2026-07-02	3,000	64,000
4	MMC/NCB/ SUPPLY/ 2082-83/04	Supply of Computer, Printer, Cartridge Related Miscellaneous Items	2026-07-02	3,000	3,70,000
5	MMC/NCB/ SUPPLY/ 2082-83/05	Supply and Delivery of a Diesel-Powered Bus for the Institute of Medicine, Maharajgunj Campus, Kathmandu	2026-07-02	3,000	2,50,000
6	MMC/ SUPPLY/SQ/ 2082-83/01	Supply of Cleanliness Related Miscellaneous Items	2026-06-18	1,000	30,000
7	MMC/SQ/ SUPPLY/ 2082-83/02	Supply of Stationery Items	2026-06-18	1,000	25,000

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. ***Bank Account Details for Bid Security and Bid Document Fee***
   Name of the Bank: Himalayan Bank Limited
   Name of Office: Maharajgunj Medical Campus, Maharajgunj
   Office Account no. : 00200553660016

Campus Chief

ब्रह्मपुरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ब्रह्मपुरी, सर्लाही, मधेश प्रदेश, नेपाल

पोखरी ठेक्कासम्बन्धी ७ दिने सूचना

दोस्रो पटक प्रकाशित मिति २०८३/०२/२९ गते

सि. नं.	पोखरी ठेक्का नं.	पोखरीको नाम (विवरण)	न्युनतम मूल्याङ्कित रकम मुल्य अभिवृद्धि कर बाहेक (रु.) मा	बोलपत्र दस्तुर (रु.) मा	कैफियत
१	२/०८२/८३	सानो जोरलहिया पोखरी, ब्रह्मपुरी-६	५,५०,०००/-	१०००	ठेक्का अवधि: आ.व. २०८३।०८४ को श्रावण १ गते देखि आ.व. २०८७।०८८ आषाढ मसान्त सम्म
२	३/०८२/८३	नुनथरा पोखरी, ब्रह्मपुरी-२	१९,८०,०००/-	३०००	
३	४/०८२/८३	उत्पीडित दलित प्रा.वि. भेल्ही छेउको पोखरी, ब्रह्मपुरी-३	१३,२१,१००/-	१०००	
४	५/०८२/८३	ठुलो जोरलहिया पोखरी, ब्रह्मपुरी-६	१८,७०,१६६।१०	३०००	
५	६/०८२/८३	पडरियाको गोइराही पोखरी, ब्रह्मपुरी-५	१२,६५,०००/-	१०००	
६	७/०८२/८३	परचिलवा पोखरी, ब्रह्मपुरी-५	१,६६,१००/-	१०००	
७	८/०८२/८३	कजली पोखरी, ब्रह्मपुरी-५	१,३८,६००/-	१०००	
८	९/०८२/८३	पिपराको गोइरही पोखरी, ब्रह्मपुरी-६	२६,४५,५००/-	३०००	
९	१०/०८२/८३	नन्मोही पोखरी, ब्रह्मपुरी-६	५,५५,५००/-	१०००	
१०	११/०८२/८३	भुतहा पोखरी, ब्रह्मपुरी-६	४,४५,५००/-	१०००	
११	१२/०८२/८३	पिपरा सुर्जाही पोखरी, ब्रह्मपुरी-६	५०,६०,५५०/-	३०००	

बोलपत्र-दरभाउ खरिद गर्ने अन्तिम मिति: २०८३/०३/०४ गते समय ५:०० बजे बेलुकासम्म।
बोलपत्र-दरभाउ पेश गर्ने मिति: २०८३/०३/०५ गते समय दिउँसो १२:०० बजे सम्म तथा खोल्ने समय बेलुका २:०० बजे।

- शर्त सेवा सुविधा थप जानकारीको लागि ब्रह्मपुरी गाउँ कार्यपालिकाको कार्यालयमा सम्पर्क गर्न वा website मा हेर्नु हुन अनुरोध छ।

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
सडक विभाग
संघीय सडक सुपरीवेक्षण तथा अनुगमन कार्यालय दमक
सडक डिभिजन धनकुटा

ठेक्का सम्झौता अन्त्य गरिएको सूचना

(प्रकाशित मिति: २०८३।०२।२९)

यस डिभिजन कार्यालयअन्तर्गत तपसिल बमोजिमका ठेक्काको निर्माण कार्यको प्रगति सन्तोषजनक नरहेको तथा लामो समय व्यतित हुँदा पनि कार्य प्रगति नभएको सन्दर्भमा पटक-पटक मौखिक तथा लिखित निर्देशन दिइएकोमा निर्माण कार्यको प्रगतिमा सुधार नभएको, कार्यतालिका बमोजिम कार्य प्रगति नभएको, साथै कार्य सम्पन्न गर्ने तर्फ अग्रसर नदेखिएको कारण ठेक्का किन अन्त्य नगर्ने सम्बन्धमा स्पष्टिकरण सोधिएकोमा सो को लिखित जवाफ समेत निर्माण व्यवसायीले पेश नगरेको, निर्माण कार्य सम्पन्न गर्नेतर्फ हालसम्म कुनै पहल नगरेको कारण कोशी राजमार्गको महत्वपूर्ण रणनीतिक सडक खण्डको समयमै मर्मत सम्भार नहुँदा सडक थप क्षति हुने क्रममा रहेको, सडक दुर्घटनाको उच्च जोखिम बढेको तथा जनगुनासो बढ्दै गएको अवस्था छ। अतः ठेक्का सम्झौताको Clause 72.1(a),(b),(c) तथा सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन समेत) को दफा ५९ (२) क, दफा ५९ (७) दफा ५९ (८) अनुसार यस डिभिजन कार्यालयको मिति २०८३/०२/२५ को निर्णयानुसार ठेक्का अन्त्य गरिएको छ र सोही ऐनको दफा ६३(१) को प्रयोजनार्थ सम्बन्धित सबैलाई जानकारी गराइन्छ। साथै प्रचलित कानुन बमोजिम, सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा ठेक्का सम्झौता बमोजिम Post Termination Evaluation भई स्थापित हुने रकम बराबर सरकारी बाँकी सरह असुल उपर हुने कानुनी व्यवस्था भएकोले यो सूचना प्रकाशित गरिएको मितिले १५ दिन भित्र निर्माण व्यवसायीलाई यस कार्यालयमा सम्पर्क राखी वित्तीय फरफारक गर्न समेत अनुरोध छ। **तपसिल**

क्र.सं.	ठेक्का नं	योजनाको नाम	निर्माण व्यवसायी
१.	RD-DKT/ 337310113/080/ 81/Peri-17	Periodic Maintenance work at KRM Bhedetar-Mulghat(Ch.63+000 to 80+000) and KRM Mulghat-Patlekhola-Hile (Ch.80+000 to 109+000) road Section	LBC-NCPL-YPR JV, Mid Baneshwor, Kathmandu

डिभिजन प्रमुख

वर्गीकृत डिस्प्ले

स्कुटर हरायो

मिति २०८३।०२।१३ गते बा.प्र. ०२-०१६ प २७९८ नं. को हरियो कालो रङको Honda Dio 109 सि.सि. को स्कुटर शंखरापुर न.पा.-७, काठमाडौँबाट हराएको हुँदा देख्नुहुने महानुभावले नजिकको प्रहरी चौकी वा मो.नं. ९७६५२६४२९२ मा सम्पर्क गरी दिनुहुन अनुरोध गर्दछु।
नाम : उषा गोतामे
ठेगाना : शंखरापुर न.पा. ४, काठमाडौँ
इन्जिन नं.: JF39EA0004926
च्यासिस नं. : ME4JF39JEKA003230

शैक्षिक कागजात हरायो

मिति : २०८३।०२।२५ मा काठमाडौँदेखि बुटवल फर्किँदै गर्दा मेरो डिप्लोमा तहको सर्टिफिकेट, मार्कसीट र माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी चौकी वा फोन नं. ९७४२३३९०२४ मा खबर गरिदिनुहोला।
रजिस्ट्रेसन नं. : DAG-02678-020
नाम थर : रमा भण्डारी
ठेगाना : पाल्पा

मोटरसाइकल हरायो

मिति २०८३।०१।०३ गते बा.प्र. ०२-०५२ प ७८४९ नं. को कालो रातो रङको Bajaj Pulsar 220 CC मोटरसाइकल तारकेश्वर-४, शेषमतिबाट हराएको हुँदा देख्नुहुने महानुभावले नजिकको प्रहरी चौकी वा मो.नं. ९८४९२००११५मा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।
नाम : हुलास फिनसर्भ हायर पर्चेज लि.
ऋणी : राजकुमार नेपाली
ठेगाना : ताँदी-६, नुवाकोट
इन्जिन नं.: DKXCRB22147
च्यासिस नं.: MD2A13EXXRCB81366